आज मिति २०८२/०५/३० गते सोमवारका दिन यस मिर्चैया नगरपालिकाको नगर प्रमुख श्री श्रवण कुमार यादवज्यूको अध्यक्षता तथा नगरकार्यपालिका सदस्य ज्यूहरुको उपस्थितीमा तपसिल वमोजिमको प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्न नगरकार्यपालिकाको वैठक वसियो ।

## उपस्थिती

| | |
|---|---|
| नगर प्रमुख | श्री श्रवण कुमार यादव |
| उप प्रमुख | श्री जिबछी देवी साह |
| वडा अध्यक्ष वडा नं.१ | श्री रुपेश कुमार महतो |
| वडा अध्यक्ष वडा नं.२ | श्री हरिराम श्रेष्ठ |
| वडा अध्यक्ष वडा नं.३ | श्री पबित्रि देवी यादव |
| वडा अध्यक्ष वडा नं.४ | श्री दिलिप कुमार सिंह |
| वडा अध्यक्ष वडा नं.५ | श्री प्रदिप कुमार साह |
| वडा अध्यक्ष वडा नं.६ | श्री राम प्रकाश महासेठ |
| वडा अध्यक्ष वडा नं.७ | श्री राम दयाल ठाकुर बरही |
| वडा अध्यक्ष वडा नं.८ | श्री बिरेश्वर यादव |
| वडा अध्यक्ष वडा नं.९ | श्री दिनेश कुमार मण्डल |
| वडा अध्यक्ष वडा नं.१० | श्री संजय कुमार साह |
| का.बा.वडा अध्यक्ष वडा नं.११ | श्री मनिकलाल यादव |
| वडा अध्यक्ष वडा नं.१२ | श्री मनेलाल यादव |
| मनोनित सदस्य | श्री विनोद प्रसाद महतो |
| मनोनित सदस्य | श्री दिपेश कुमार सिंह |
| महिला मनोनित सदस्य | श्री जरिना खातुन |
| महिला मनोनित सदस्य | श्री अनिता देवी कापैर |
| महिला मनोनित सदस्य | श्री आशा कुमारी यादव |
| महिला मनोनित सदस्य | श्री निर्मला विश्वकर्मा |
| महिला मनोनित सदस्य | श्री नरधिमा लामा |
| प्रमुख प्रशासकीय अधिकृत | श्री विष्णुरञ्जन वराल(सचिव) |
| सहयोगी कर्मचारी | श्री जित कुमार साह |

**प्रस्तावहरु**

१.शोक प्रस्ताव सम्वन्धमा ।

२.विदा अनुमोदन सम्वन्धमा ।

३.आगलागि/चोरीवाट भएको क्षति विवरण आकलन र चोरी भएको समानहरु फिर्ताको लागि सूचना प्रकाशन गर्ने सम्वन्धमा ।

४.कार्यालय संचालन सम्वन्धमा ।

५.विविध ।

**निर्णयहरु**

**१ प्रस्ताव नं.१ माथि छलफल गर्दा** मिति २०८२ भाद्र २३ र २४ गते जेन जी पुस्ताको यूवाहरुले गरेको आन्दोलनमा मृत्यू भएकाहरुलाई हार्दिक श्रदाञ्जली अर्पन गर्दै घाइतेहरुलाई सिघ्र स्वास्थ्य लाभको कामना सहित शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**२.प्रस्ताव नं.२ माथि छलफल गर्दा** मिति २०८२ भाद्र २३ गते भएको जेन जी पुस्ताको आन्दोलनमा मृत्यू भएकाहरुको सम्झनामा नगर प्रमुख श्री श्रवण कुमार यादवले मिति २०८२ भाद्र २४ गते शोक विदा दिएकोमा सोलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**३.प्रस्ताव नं.३ माथि छलफल गर्दा** मिति २०८२ भाद्र २४ गते नगरपालिकामा केही व्यक्तिहरुले गरेको आगजानीवाट नगरकार्यपालिकाको कार्यालयको संरचना,जिन्सी समानहरु,श्रेस्ता,स्याहा,गोश्वारा भौचर,अभिलेख लगायत सवारीसाधनहरु (टयाकटर थान ४,जे.सी.वि.१,वारुणयन्त्र १,सेफटी टाँकी १,मोटरसाईकल १,टिपर १ समेत जलेर नष्ट भएको देखियो । साथै आगलागिवाट वचेका जिन्सी समानहरु र कागजातहरु केही व्यक्तिले चोरी गरेर समेत लगेको विभिन्न भिडियो,फोटो र सामाजिक संजालहरुवाट देखिएकोले चोरी र लुटपाट गरेर लगेको समानहरु ७ दिनभित्र फिर्ता गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो । समयमा समानहरु फिर्ता नगर्ने व्यक्तिहरुलाई प्रमाणको आधारमा कारवाहीको लागि सम्वन्धित निकायमा लेखी पठाउने निर्णय गरियो ।

**४.प्रस्ताव नं.४ माथि छलफल गर्दा** मिति २०८२ भाद्र ३१ गतेदेखी नगरपालिकाको मूल कार्यालय वाहेक सम्पूर्ण वडा कार्यालय,स्वास्थ्य चौकी,विद्यालय लगायत सवै कार्यालयहरु नियमित रुपमा संचालन गर्ने निर्णय गरियो । साथै नगरपालिकाको मूल कार्यालयको कर्मचारीहरुले अत्यन्त जरुरी र आन्तरिक कामकाज मिर्चैया अस्पतालको सभाहलवाट संचालन गर्ने निर्णय गरियो ।